नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## सल्यान

(प्रशासन शाखा)

☎ प्र.जि.अ : ०८८-५२०१३३
स.प्र.जि.अ : ०८८-५२००७१
कार्यालय : ०८८-५२०१३४
फ्याक्स :०८८-५२००७१

पत्र संख्या :- २०७८/०७९
चलानी नम्बर :

### सल्यान जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश।

कोभिड-१९ को संक्रमण सल्यान जिल्लामा समेत विगत केही दिनयता बढीरहेकोले संक्रमणको रोकथाम तथा निण्न्त्रण तथा नियन्त्रण तथा उपचार सम्बन्धी कार्यलाई व्यवस्थित एवम् प्रभावकारी रुपले अघि बढाउन नेपाल सरकार (मा मन्त्रीस्तर) को मिति २०७८/०९/३० को निर्णय तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) बमोजिम सल्यान जिल्लाभर मिति २०७८/१०/०४ गते राती १२:०० बजेदेखि अर्को सूचना जारी नभए सम्मका लागि देहाय बमोजिम हुने गरी आदेश जारी गरिएको छ।

देहाय :

१. सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला हुने क्रियाकलाप मिति २०७८ माघ मसान्त सम्म सञ्चालन नगर्ने।

२. गोष्ठी, सेमिनार, समीक्षा, बैठक जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी र एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएका बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी सञ्चालन गर्ने। मिति २०७८ माघ ७ गते पश्चात त्यस्ता क्रियाकलाप सञ्चालन गर्दा खोपको पुरा मात्रा लगाएका व्यक्तिहरुमात्र उपस्थित हुने गरी गर्ने।

३. सिनेमा हल, जिम खाना, हाटबजार र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम मिति २०७८ माघ १५ गतेसम्म सञ्चालन नगर्ने।

४. विद्यालय, क्याम्पस, कलेज, ट्यूशन सेन्टर, तालिम वा अन्य कुनै प्रकारका शैक्षिक क्रियाकलाप मिति २०७८ माघ १५ गतेसम्म भौतिक रुपमा उपस्थितिमा सञ्चालन नगर्ने। त्यस्ता शैक्षिक क्रियाकलाप भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरु अपनाई सञ्चालन गर्ने।

५. विद्यालय, क्याम्पसका पूर्व निर्धारित परीक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।

☎ प्र.जि.अ : ०८८-५२०१३३
स.प्र.जि.अ.: ०८८-५२००७१
कार्यालय : ०८८-५२०१३४
फ्याक्स :०८८-५२००७१

पत्र संख्या :- २०७८/०७९
चलानी नम्बर :

६. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी मिति २०७८ माघ मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।

७. सबै प्रकारका पसल/व्यवसायमा एक पटकमा पच्चीस जना भन्दा बढी जम्मा हुन नहुने, कुनै पनि सामान अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको बीचमा कम्तीमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य प्रयोग गर्ने, पटक-पटक साबुन पानीले हात धुने वा सेनिटाइजर प्रयोग गर्ने गरी सञ्चालन गर्ने । जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने ।

८. पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको बढीमा एक-तिहाईमा नबढ्ने गरी बढीमा पचास जना मात्र उपस्थित रहने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीबाट पूर्व स्वीकृति लिई विवाह, ब्रतबन्ध, न्वारान तथा पास्नी जस्ता धार्मिक, सांस्कृतिक, सामाजिक वा अन्य कार्यक्रम सञ्चालन गर्ने ।

९. धार्मिक वा सांस्कृतिक जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परा धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पचास जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने ।

१०. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने :
- क. सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।
- ख. सबै यात्रुलाई मास्क अनिवार्य गर्ने ।
- ग. सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिजाइजरको व्यवस्था गर्नु पर्ने ।
- घ. चालक तथा सह चालकले मास्क र फेस-सिल्ड लगाउनु पर्ने ।
- ङ. सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने ।
- च. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सह चालकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने ।
- छ. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।
- ज. लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीचबाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्य देखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड- १९ संकट व्यवस्थापन केन्द्र (DCCMC) लाई उपलब्ध गराउने ।

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## सल्यान

(प्रशासन शाखा)

प्र.जि.अ : ०८८-५२०१३३
स.प्र.जि.अ.: ०८८-५२००७१
कार्यालय : ०८८-५२०१३४
फ्याक्स :०८८-५२००७१

पत्र संख्या :- २०७८/०७९
चलानी नम्बर :

झ. लामो दुरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई सम्भव भएसम्म एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने ।

११. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउने, मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

१२. होटेल तथा रेष्टुरेन्टले देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने :

क. होटेल तथा रेष्टुरेन्टका कामदारहरुले अनिवार्य रुपमा मास्क, फेस-सिल्ड र पञ्जा लगाउने ।
ख. होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने ।
ग. कुल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने ।
घ. सेनिजाइजरको व्यवस्था गर्नुपर्ने ।
ङ. होटेल तथा रेष्टुरेन्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने ।
च. होटेल तथा रेष्टुरेन्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेन्ट प्रवेश गर्न नदिने ।
छ. मिति २०७८ माघ ७ गते पछि खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्न दिने ।
ज. होटेलले चेक-इन गर्दाको अवस्थामा वा चेक-इन गरेको २४ घण्टा भित्र आफ्नो होटेलमा बास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने, त्यस पछि प्रत्येक ७२ घण्टामा एन्टिजेन परीक्षण गर्ने र सोको विवरण (DCCMC) लाई गराउने ।

१३. सबै प्रकारका व्यवसायहरुको अग्रपंक्तिको काउन्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले हप्ताको दुई पटक एन्टिजेन परीक्षण गराई नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा लगाउने ।

१४. जुनसुकै सेवा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को चिन्ह वा लक्षण देखिएमा अनिवार्य रुपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र ५ दिन पछि कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने ।



"व्यवसायिक र सिर्जशील प्रशासन: विकास, समृद्धि र सुशासन"
Email: salyandao@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सल्यान
(प्रशासन शाखा)

☎ प्र.जि.अ : ०८८-५२०१३३
स.प्र.जि.अ.: ०८८-५२००७१
कार्यालय : ०८८-५२०१३४
फ्याक्स :०८८-५२००७१

पत्र संख्या :- २०७८/०७९
चलानी नम्बर :

१५. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१६. नियमित रुपमा सञ्चालन हुनुपर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने ।

१७. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकहरुले देहाय बमोजिम गर्ने :

क. जनस्वास्थ्यका मापदण्ड पूर्णरुपमा पालना गर्ने ।

ख. घर बाहिर निस्किंदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने ।

ग. घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने ।

घ. विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भएतापनि कम्तीमा पाँच दिन होम क्वारेन्टिनमा अनिवार्य बस्नु पर्ने ।

ङ पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिंडडुल, भेटघाट र बैठक नगर्ने ।

च. स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।

छ. अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने ।

ज. होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्यसम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।


"व्यवसायिक र सिर्जशील प्रशासनः विकास, समृद्धि र सुशासन"
Email: salyandao@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## सल्यान

(प्रशासन शाखा)

☎ प्र.जि.अ : ०८८-५२०१३३
स.प्र.जि.अ : ०८८-५२००७१
कार्यालय : ०८८-५२०१३४
फ्याक्स :०८८-५२००७१

पत्र संख्या :- २०७८/०७९
चलानी नम्बर :

झ. नेपाल सरकारले तोकेबमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने ।

१८. यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यस आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुऱ्याउने व्यक्ति तथा संस्थालाई सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारवाही र सजाय हुनेछ ।

मिति २०७८/१०/०४

विपीन आचार्य
प्रमुख जिल्ला अधिकारी

विपीन आचार्य
प्रमुख जिल्ला अधिकारी



"व्यवसायिक र सिर्जशील प्रशासन: विकास, समृद्धि र सुशासन"
Email: salyandao@gmail.com